# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र


**काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित**

**वर्ष ७) काठमाडौँ, साउन ११ गते, २०८० साल**


## भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८० सालको ऐन नं. ५

# काठमाडौँ महानगरपालिका महानगर प्रहरी सेवालाई व्यवस्थापन गर्न बनेको महानगर प्रहरी ऐन, २०८०

नेपालको संविधानमा एकल अधिकारअन्तर्गत रहेको नगर प्रहरीलाई प्रभावकारी रूपमा परिचालन गरी काठमाडौँ महानगरपालिकाको नीति, कानुन तथा निर्णय कार्यान्वयनमा अपेक्षित उपलब्धी हासिल गर्न तथा सहरी सुव्यवस्थापनका विविध क्षेत्रमा सुधार गर्न नगर प्रहरीमार्फत प्रवाह हुने सेवालाई सक्षम, सेवामूलक, जनउत्तरदायी र गुणस्तरीय बनाउने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) खण्ड (क) र दफा १०२ (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"महानगर प्रहरी ऐन, २०८०'** रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

**(क)** **"ऐन'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

**(ख)** **"कार्यपालिका"** भन्नाले काठमाडौँ महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

**(ग)** **"तोकिएको"** वा **"तोकिए वमोजिम"** भन्नाले काठमाडौँ महानगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**(घ)** **"नगर प्रहरी सेवा"** भन्नाले काठमाडौँ महानगरपालिकाको महानगर प्रहरी सम्बद्ध सेवा सम्झनुपर्छ ।

(ङ) **"नगर सभा"** भन्नाले काठमाडौं महानगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(च) **"परिवार"** भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, वज्यै तथा महिला महानगर प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) **"भत्ता"** भन्नाले काठमाडौं महानगरपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्ता सम्झनुपर्छ ।

(झ) **"महानगरपालिका"** भन्नाले काठमाडौं महानगरपालिका सम्झनुपर्छ ।

(ञ) **"महानगर प्रहरी"** भन्नाले काठमाडौं महानगरपालिकाबाट नियुक्त नगर प्रहरी कर्मचारी सम्झनुपर्छ र सो शब्दले महानगर प्रहरीको हैसियतमा काम गर्ने गरी संस्थागत सम्झौताबाट उपलब्ध नगर प्रहरीलाई समेत जनाउछ ।

(ट) **"स्थायी पद"** भन्नाले म्याद नतोकिएको काठमाडौं महानगरपालिकाको नगर सभाद्धारा स्वीकृत स्थायी पद सम्झनुपर्छ ।

३. **ऐनको व्याख्या महानगरपालिकाले गर्ने** : (१) महानगर प्रहरी वा अन्य पदाधिकारीले यस ऐनको प्रयोग गर्दा कुनै व्यक्ति वा महानगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले कार्यपालिकासमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस हुन आउने निवेदन सम्बन्धमा कार्यपालिकाले सामान्यतः निवेदन परेको मितिले ३० दिनभित्रमा निर्णय गरिसक्नुपर्नेछ ।

## परिच्छेद-२
## महानगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

४. **महानगर प्रहरी सेवाको गठन** : महानगरपालिकामा एक नगर प्रहरी सेवा रहने छ। नगर प्रहरी सेवाको गठन र त्यसमा रहने महानगर प्रहरीहरूको संख्या नगरसभाबाट तोकेबमोजिम हुनेछ ।

५. **महानगर प्रहरीको रेखदेख तथा नियन्त्रण** : महानगर प्रहरीको परिचालन, रेखदेख, नियन्त्रण र निर्देशन दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ र निजको आदेश र निर्देशन पालन गर्नु प्रत्येक महानगर प्रहरीको कर्तव्य हुनेछ ।

६. **नगर प्रहरी सेवामा रहने पदहरू** : (१) नगर प्रहरी सेवामा देहायका पद र तहहरू रहनेछन्:

| | |
|---|---|
| (क) नगर प्रहरी वरिष्ठ उपरीक्षक | अधिकृतस्तर नवौं |
| (ख) नगर प्रहरी उपरीक्षक | अधिकृतस्तर आठौं |
| (ग) नगर प्रहरी नायव उपरीक्षक | अधिकृतस्तर सातौं |
| (घ) नगर प्रहरी निरीक्षक | अधिकृतस्तर छैठौं |
| (ङ) नगर प्रहरी वरिष्ठ नायव निरीक्षक | सहायकस्तर पाँचौं |
| (च) नगर प्रहरी नायव निरीक्षक | सहायकस्तर पाँचौं |
| (छ) नगर प्रहरी सहायक निरीक्षक | सहायकस्तर चौथो |
| (ज) नगर प्रहरी वरिष्ठ हवल्दार | सहायकस्तर तेस्रो |
| (झ) नगर प्रहरी हवल्दार | सहायकस्तर तेस्रो |
| (ञ) नगर प्रहरी सहायक हवल्दार | सहायकस्तर तेस्रो |

(ट) नगर प्रहरी जवान — सहायकस्तर दोश्रो

(ठ) नगर प्रहरी सहयोगी — सहायकस्तर पहिलो

(२) महानगरपालिकाले महानगर प्रहरीको प्रत्येक पदका लागि कार्य विवरण तोक्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गर्नेछ ।

(३) उपदफा (१) बमोजिमका पद र तहका महानगर प्रहरीले अनुसुची-१ मा उल्लेख भएबमोजिमको दर्ज्यानी चिह्न प्रयोग गर्नेछ ।

## परिच्छेद-३
## महानगर प्रहरीको काम, कर्तव्य र अधिकार

७. **महानगर प्रहरीको काम, कर्तव्य र अधिकार :** (१) कार्यपालिका, वडा समिति, सम्बद्ध विभाग तथा महानगरपालिकाका पदाधिकारी तथा अधिकारप्राप्त अधिकारीको निर्णय तथा निर्देशन कार्यान्वयन गर्नु महानगर प्रहरीको प्रमुख कर्तव्य हुनेछ। महानगर प्रहरीको काम, कर्तव्य र अधिकारको विस्तृत विवरण देहायबमोजिम रहनेछ :

(क) महानगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा र संरक्षण गर्ने ।

(ख) महानगर क्षेत्रभित्र हुने सभा, समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने ।

(ग) बजार तथा सवारी पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(घ) महानगरपालिकाको सरसफाईसम्बन्धी अनुगमन, नियमन तथा कारबाही गर्ने ।

(ङ) महानगरपालिकाबाट न्यायिक रोहमा भएका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने ।

(च) सार्वजनिक, ऐलानी, पर्ती, सहरीवन, बगैचा, नदी उकास, नदी किनार, नदी करिडोर, सार्वजनिक गल्ली, चोक, डबली, बहाःवही, ननीः, मठमन्दिर, पाटीपौवा, पोखरी, ढुंगेधारा, कुवा, सार्वजनिक भवन, बाटो, निकास, चौर, खेलमैदान, कुलो, नहर, अन्त्यष्टीस्थल, धार्मिकस्थल, पुरातात्विक महत्वका सम्पदा आदिको संरक्षण र सुरक्षण गर्ने ।

(छ) विपद व्यवस्थापनसम्बन्धी खोजी, उद्दार, राहत तथा पुनर्स्थापनासम्बन्धी कार्य गर्ने ।

(ज) अनधिकृत बाह्य विज्ञापन तथा होर्डिङबोर्ड नियन्त्रण तथा कारबाही गर्ने ।

(झ) छाडा पशु चौपायाको नियन्त्रण तथा व्यवस्थापन गर्ने ।

(ञ) सम्बन्धित विभागको समन्वयमा भवन निर्माण अनुमति इजाजत नलिई निर्माण भएका भवनजन्य संरचना र अनधिकृत निर्माण नियन्त्रण,सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ट) फोहरमैला व्यवस्थापनमा अनुगमन, नियमन, नियन्त्रण तथा कारबाहीसम्बन्धी कार्य गर्ने ।

(ठ) सार्वजनिक आवागमनमा बाधा पुग्ने गरी राखिएका निर्माण सामग्री हटाउने ।

(ड) स्वास्थ्यका लागि हानिकार चिज, अखाद्य तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउन सहयोग गर्ने ।

(ढ) अधिकार प्राप्त अधिकारीको निर्णय र आदेश बमोजिम खतरा उत्पन्न हुने रुख काट्न लगाउने, घर पर्खाल भए भत्काउन लगाउने ।

(ण) वडा समितिसँगको समन्वयमा टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने ।

(त) महानगरपालिकाको विभिन्न तहबाट भएका निर्णय, स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन सहयोग गर्ने ।

(थ) राजस्व विभागसँगको समन्वयमा करदातालाई कर तिर्न सहजीकरण गर्ने ।

(द) विना इजाजत पेसा व्यवसाय सञ्चालन गरेको पाइएमा त्यस्ता पेसा व्यवसायको दर्ता/नवीकरण गर्न सहजीकरण गर्ने ।

(ध) महानगरपालिका क्षेत्रमा भित्तेलेखन, तुल, व्यानर तथा पोष्टर टाँस्न प्रतिवन्ध लगाउने निर्णय कार्यान्वयन गर्ने ।

(न) महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा अनुमति नलिई गरिने जादु, सर्कस, जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(प) पर्यावरणमा असर पर्ने सबै किसिमका प्रदुषण नियन्त्रण गर्ने ।

(फ) वातावरणलाई असर पर्ने खालका प्लाष्टिकजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्ने ।

(ब) सार्वजनिक स्थलमा धुम्रपान, मादक पदार्थ सेवन तथा सुर्तिजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्ने ।

(भ) महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका होटल, रेष्टुरेण्ट, लउन्ज, रेष्ट्रो, बार र क्लवमा बालबालिकाको उपयोग तथा सहभागितालाई निषेध गर्ने तथा ती स्थानहरूमा सामाजिक विकृतिजन्य कार्य नियन्त्रण गर्न अन्य सुरक्षा निकायसँग समन्वय गरी कार्य गर्ने, गराउने ।

(म) सवारीसाधनबाट हुने वायु तथा ध्वनी प्रदुषण नियन्त्रणमा सहजीकरण गर्ने ।

(य) धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रूपमा वाधा पुग्ने गरी उद्योगधन्दा चलाउन रोक लगाउने कार्यमा सहयोग गर्ने ।

(र) दमकल सेवालाई २४ सैं घण्टा दुरुस्त राखी सञ्चालनको व्यवस्था मिलाउने ।

(ल) महानगरपालिकाले तोकेको अन्य कार्य गर्ने, गराउने ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन गर्दा महानगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडा अध्यक्ष र विभागीय प्रमुखसँग समेत आवश्यकता अनुसार समन्वय गर्नु महानगर प्रहरीको कर्तव्य हुनेछ ।

## परिच्छेद-४
## तह विभाजन र पदपूर्ति

८. **स्थायी पद श्रृजना तथा दरवन्दी खारेज :** (१) नगर प्रहरी सेवाको लागि आवश्यक पर्ने विभिन्न तहका दरवन्दीहरूको श्रृजना र आवश्यक नपर्ने दरबन्दीको खारेजी नगरसभाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरवन्दीको श्रृजनाका लागि प्रस्ताव पेस गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौज्जुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले सगठनात्मक स्वरूपमा पार्ने प्रभाव समेत स्पष्ट खुलाई कार्यपालिका मार्फत नगरसभामा पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नगर प्रहरी सेवाअन्तर्गत रहेको कुनै दरवन्दी खारेज गर्नु परेमा खारेज गर्नु पर्नाको कारण स्पष्ट खुलाई कार्यापालिका मार्फत नगरसभामा पेस गर्नु पर्नेछ।

९. **नगर प्रहरी सेवामा शुरु नियुक्ति हुने पदहरू :** नगर प्रहरी सेवामा रहने देहायका पदहरूको पूर्ति साधारणतया खुल्ला प्रतियोगिताद्वारा हुनेछ :

(क) नगर प्रहरी निरीक्षक

(ख) नगर प्रहरी सहायक निरीक्षक

(ग) नगर प्रहरी जवान

(घ) नगर प्रहरी सहयोगी

**१०. नियुक्ति गर्ने अधिकारी** : प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका महानगर प्रहरीको नियुक्ति प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ।

**११. पदपूर्ति गर्ने तरिका :** (१) नगर प्रहरी सेवाको विभिन्न पदमा स्थायी पदपूर्ति प्रदेश लोकसेवा आयोगबाट हुनेछ।

(२) (उपदफा) (१) बमोजिम पदपूर्ति गर्न रिक्त दरवन्दी खुलाई महानगरपालिकाले वार्षिक रूपमा प्रदेश लोकसेवा आयोगमा लेखी पठाउनु पर्नेछ।

(३) नगर प्रहरी सेवाका रिक्त दरवन्दीमा पदपूर्ति हुने प्रतिशत प्रदेश लोकसेवा आयोगले तोकेबमोजिम हुनेछ।

(४) महानगरपालिकाको नगर प्रहरी सेवामा पदपूर्ति गर्दा सामान्यतः नेपाल प्रहरीको मापदण्डलाई आधार बनाउन महानगरपालिकाले प्रदेश लोकसेवा आयोगसँग समन्वय गर्नेछ ।

१२. **परीक्षणकालमा राखिने** : (१) नयाँ नियुक्ती हुने महानगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा त्यस्तो महानगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा महानगर प्रहरी बल प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा छ महिना मात्र परिक्षणकाल रहनेछ । तीन महिना परिक्षणकाल थप गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको महानगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकास दिनेछ ।

१३. **नियुक्ति सदर :** (१) परीक्षण कालमा रहेका महानगर प्रहरीले तोकिएको आधारभूत तालिममा उत्तीर्ण भएपश्चात नेपालको राष्ट्रिय झण्डा र महानगरपालिकाको झण्डा छुवाई शपथग्रहण गराए पश्चात प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर हुनेछ ।

(२) उपदफा (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

१४. **ज्येष्ठताक्रम कायम गर्ने** : (१) नगर प्रहरी सेवाअन्तर्गतका विभिन्न पदहरूमा रहने महानगर प्रहरीहरूको जेष्ठताक्रम कायम गर्दा प्रदेश लोकसेवा आयोगबाट भएको सिफारिसको योग्यता क्रमलाई आधार मानी ज्येष्ठता कायम गरिनेछ ।

(२) प्रदेश लोकसेवा आयोगबाट ज्येष्ठता क्रम कायम हुनु अघिसम्मका लागि महानगरपालिकाले निर्धारण गरेको ज्येष्ठता क्रम कायम रहनेछ ।

## परिच्छेद-५

## सरुवा तथा बढुवा

**१५.** **महानगर प्रहरीको सरुवा** : (१) महानगर प्रहरी बलअन्तर्गतका क्षेत्र (भौगोलिक वा विषयगत) प्रमुखहरूको सरुवा महानगर प्रहरी बल प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बाहेकका अन्य जिम्मेवारीमा रहने महानगर प्रहरीको सरुवा महानगर प्रहरी बलका प्रमुखले गर्नेछ ।

(३) सामान्यतः २ वर्षमा महानगर प्रहरीको जिम्मेवारी सरुवा मार्फत हेरफेर गर्न सकिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि महानगरपालिकाको आवश्यकताबमोजिम महानगर प्रहरीलाई जुनसुकै समयमा जुनसुकै जिम्मेवारी तोक्न सक्नेछ ।

**१६.** **महानगर प्रहरी बढुवा** : (१) महानगरपालिकाको नगर प्रहरी सेवाको रिक्त दरवन्दीमा तोकिएको मापदण्डको आधारमा बढुवा हुनेछ ।

(२) महानगर प्रहरीको बढुवा प्रदेश लोकसेवा आयोगबाट हुनेछ ।

**१७.** **कार्य सम्पादन तथा अनुभवको मूल्यांकन** : (१) महानगर प्रहरीको कार्यसम्पादन तथा अनुभवको मूलयांकन महानगरपालिकाको कर्मचारी सेवा ऐन, २०७७ बमोजिम हुनेछ ।

**१८.** **महानगर प्रहरीको परिचालन** : (१) महानगर प्रहरीको परिचालन महानगरपालिकाअन्तर्गत महानगर प्रहरी बलको नामबाट हुनेछ ।

(२) महानगर प्रहरी बलको प्रमुखले महानगर प्रहरीको परिचालन गर्नेछ ।

(३) महानगर प्रहरीले पालना गर्नुपर्ने आचरण, अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक नगर प्रहरीको समग्र परिचालन, प्रत्यक्ष रेखदेख र नियन्त्रण प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(४) महानगर प्रहरी बल, बलको अधिकार क्षेत्र तथा प्रभावकारिता वृद्धिका लागि कार्यपालिकाले महानगर प्रहरी नीति तथा परिचालन कार्ययोजना जारी गर्न सक्नेछ ।

## परिच्छेद-६
## महानगर प्रहरीको आचरण

१९. **दान उपहार लिन नहुने :** महानगरपालिकाको काममा असर पर्न सक्ने गरी महानगर प्रहरी र निजको परिवारका सदस्य समेतले महानगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघसंस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, उपहार, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

२०. **चन्दा लिन नहुने** : कुनै नगर प्रहरीले महानगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

२१. **स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने** : महानगरपालिकालाई पूर्व सूचना नदिई नगर प्रहरीले आफ्नो बसोबासको निमित्त आवश्यकपर्ने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन । महानगरपालिकाको स्वीकृति लिएर भने खरिद गर्न सक्नेछ ।

२२. **सम्पत्तिको विवरण दिनुपर्ने** : हाल वहालमा रहेको नगर प्रहरीले यो ऐन लागु भएको तीन महिनाभित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिनाभित्र महानगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नुपर्ने छ ।

(क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

(ग) खण्ड (क) वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(घ) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ ।

२३. **व्यापार व्यवसाय गर्न नहुने** : कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन :

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार हुन र

(ग) कुनै व्यवसाय चलाउन ।

२४. **महानगरपालिकाको काममा थाहा पाएका कुराहरू प्रकाशन गर्न नहुने** : महानगर प्रहरीले महानगरपालिकाद्धारा अथवा विशेष रूपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैह्रसरकारी संघसंस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरु अनधिकृत महानगर प्रहरीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

२५. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने** : महानगर प्रहरीले महानगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।

तर, यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्नेछ ।

२६. **<u>महानगरपालिकाको आलोचना गर्न हुदैन</u>** : महानगर प्रहरीले कुनै कुराको आलोचना गर्दा महानगरपालिकाको नीति, कानुन वा निर्णयको बिरुद्धमा हुने गरी अथवा महानगरपालिका र महानगरबासीको आपसी सुसम्बन्धमा खलल पुग्ने गरी भाषण वा सम्वाद गर्न र लेख रचना प्रकाशन गर्नु हुँदैन ।

२७. **<u>निर्वाचनमा भाग लिन नहुने</u>** : महानगर प्रहरीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।

तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

२८. **<u>राजनीतिमा भाग लिन नहुने</u>** : महानगर प्रहरीले कुनै राजनैतिक संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था, भातृ सगठनको सदस्य हुन वा जुनसुकै किसिमको आन्दोलनलाई कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

२९. **<u>समय पालन र नियमितता</u>** : महानगर प्रहरीले ठिक समयमा तथा नियमित रूपमा आफ्नो पालोमा कार्यालयमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

३०. **<u>अनुशासन र आज्ञापालन</u>** : (१) महानगर प्रहरीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्नेछ ।

(२) महानगर प्रहरीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्नेछ ।

(३) महानगर प्रहरीले आफूभन्दा माथिका सबै अधिकृतहरूप्रति उचित आदर देखाउनु पर्नेछ ।

(४) महानगरपालिकाले महानगर प्रहरीको लागि तोकेको पोशाक लगाउनु प्रत्येक महानगर प्रहरीको कर्तव्य हुनेछ ।

३१. **बाहिरी प्रभाव पार्न नहुने** : महानगर प्रहरी कर्मचारीले आफ्नो नोकरीसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

३२. **बहुबिबाह, बालबिबाह, अनमेल बिबाहमा प्रतिवन्ध :** महानगर प्रहरीले मुलुकी देवानी संहिता तथा प्रचलित कानुन विपरित हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

३३. **सामाजिक सञ्जालको प्रयोग गर्न प्रतिबन्ध** : महानगर प्रहरीले महानगरपालिकाको काम कारबाही वा कुनै पदाधिकारी वा जुनसुकै तहको सरकारको नीति, कानुन वा निर्णयको आलोचना गर्ने वा भ्रम सिर्जना हुने किसिमको शव्द, वाक्य, चित्र वा कुनै इमेज पोष्ट गर्न हुदैन ।

तर, महानगरपालिकाको नीति, कानुन वा कार्यक्रमको प्रचार प्रसार हुने गरी कुनै व्यहोरा सामाजिक सञ्जालमा प्रविष्ट गर्न भने यस दफाले प्रतिवन्ध लगाएको मानिने छैन ।

३४. **जुवा तास खेल्न तथा खेलाउन नहुने** : महानगर प्रहरीले कार्यालय समय, कार्यालय परिसर र कार्यालयको पहिरनमा रहेको वा नरहेको अवस्थामा समेत जुवा तास खेल्ने, खेलाउने वा खेल्न दुरुत्साहन गर्ने वा महानगर प्रहरीको व्यावसायिक प्रतिष्ठामाथि आँच आउने किसिमका कुनै पनि कार्य गर्नु गराउनुहुदैन ।

**३५.** **<u>अन्य आचरणसम्बन्धी व्यवस्था</u>** : महानगर प्रहरीले यस ऐनमा उल्लेख गरेका आचरणसम्बन्धी व्यवस्थाको अतिरिक्त महानगरपालिकाको कर्मचारी सेवा ऐन, २०७७ ले गरेका आचरण सम्बन्धी व्यवस्था समेत परिपालना गर्नुपर्नेछ ।

## परिच्छेद-७
## <u>सजाय र पुनरावेदन</u>

**३६.** **<u>सजाय</u> :** उचित र पर्याप्त कारण भएमा महानगर प्रहरीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछ :-

(क) सामान्य सजाय :-

(१) सचेत गराउने ।

(२) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

(३) नसिहत दिने ।

(४) दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने ।

(५) पदीय दायित्व पालना गर्ने सिलसिलामा लापरवाही गरी महानगरपालिकालाई हानी नोक्सानी पुऱ्याएमा भएको हानी नोक्सानीको सम्पूर्ण वा आंशिक रूपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

(६) तल्लो तहमा घटुवा गर्ने ।

(ख) विशेष सजाय :-

(१) भविष्यमा महानगरपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने ।

(२) भविष्यमा महानगरपालिकाको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

**३७.** **<u>सचेत गराउने, नसिहत दिने वा प्रतिकुल राय लेख्ने</u>** : महानगर प्रहरीले काममा साधारण लापरवाही गरेमा सचेत गराउने वा नसिहत दिन

सक्नेछ। दुई पटकसम्म सचेत गराउँदा वा नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखी निजको व्यक्तिगत फाइलमा अभिलेखन गरिनेछ।

३८. **दर्जा र तलब घटाउने** : महानगर प्रहरीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्न सक्ने र महानगरपीलिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ :

(क) सन्तोषजनक काम नगरेमा।

(ख) अनुशासनहिन कार्य गरेमा।

(ग) पदीय आचरण उल्लंघन गरेमा।

(घ) नोकरीबाट अलग हुन झुठ्ठा कारण पेस गरेमा।

(ङ) आफुभन्दा माथिल्लो कर्मचारीले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

(च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेमा वा गैरहाजिर भएमा।

३९. **सजायसम्बन्धी कार्यविधि :** (१) महानगर प्रहरी नायब उपरीक्षकसम्मका महानगर प्रहरीलाई सामान्य सजाय गर्ने अधिकार महानगर प्रहरी बल प्रमुखलाई हुनेछ। महानगर प्रहरी उपरीक्षक र सो भन्दा माथिका अधिकृत प्रहरीलाई सामान्य सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

(२) महानगर प्रहरीलाई विशेष सजाय गर्नु पर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यपालिकाले गर्नेछ।

(३) महानगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको व्यहोरा उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेस गर्ने मौका दिनुपर्नेछ। त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रूपले किटिएको हुनुपर्नेछ। त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले

तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेस गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको महानगर प्रहरीको हकमा यस ऐनको कार्यविधिको रीत पु¥याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

ख) सफाई पेस गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेस गर्ने मौका दिनु पर्नेछैन ।

(४) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ। जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(५) कुनै महानगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा वढी हुनेछैन ।

(६) उपदफा (५) वमोजिम निलम्वन अवस्थामा रहेको महानगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

(७) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वन भएको मानिनेछ ।

तर,

(क) निलम्वनमा रहेको कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ। कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी महानगरपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारबाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

४०. **सजायको आदेश दिने** : जाँचवुभ्कको काम समाप्त भएपछि सम्बन्धित महानगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

४१. **सेवाको अन्त्य गर्ने** : कुनै महानगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त्य गर्नुपर्दा दफा ३९ वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै

(ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहर्‍याएमा ।

४२. **पुनरावेदनको कार्यविधि :** (१) महानगर प्रहरी बल प्रमुखले सजाय दिएको हकमा प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले सजाय दिएको हकमा कार्यपालिका समक्ष र कार्यपालिकाले दिएको सजायको हकमा प्रदेश लोकसेवा आयोगमा पुनरावेदन लाग्नेछ ।

(२) दफा ४० अन्तर्गत दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।

(३) पुनरावेदन गर्ने व्यक्तिले आफ्नो सफाइको निमित्त प्रमाण सहित पुनरावेदन पेस गर्दा शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

(४) पुनरावेदन दिँदा पुनरावेदन दिने व्यक्ति जुन कार्यालयको हो सोही कार्यालय प्रमुख वा जसको आदेशको विरुद्ध पुनरावेदन गरिएको छ सो अधिकारी मार्फत दिनुपर्नेछ ।

(५) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(६) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

४३. **सजायसम्बन्धी अन्य व्यवस्था** : यस ऐनमा महानगर प्रहरीका लागि उल्लिखित सजायसम्बन्धी व्यवस्था यसैबमोजिम हुनेछ । यस ऐनमा उल्लेख नभएको सजाय, सजाय दिंदा अपनाउनु पर्ने कार्यविधि तथा प्रक्रियागत व्यवस्था महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ ले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-८
## कायम मुकायम र निमित्तसम्बन्धी व्यवस्था

४४. **कायम मुकायम मुकरर गर्न सक्ने** : (१) महानगरपालिकाले नगर प्रहरी वरिष्ठ उपरीक्षक पद रिक्त भएमा दफा १६ बमोजिम पदपूर्ति नभएसम्मका लागि कायम मुकायम मुकरर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कायम मुकायम मुकरर गर्दा ज्येष्ठता, शैक्षिक योग्यता र कार्य सम्पादनस्तरमा उल्लेखनीय देखिएका नगर प्रहरी उपरीक्षक मध्येबाट तीन जना छनोट गरी सुशासन समितिले कार्यपालिकामा निर्णयका लागि पेस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सुशासन समितिले कार्यापालिकामा निर्णयको लागि पेस गर्नु पूर्व प्रमुख प्रशासकीय अधिकृतबाट नगर प्रहरी उपरीक्षकहरूको ज्येष्ठता, शैक्षिक योग्यता र कार्य सम्पादनस्तरको योग्यताक्रमको सूची प्राप्त गरी सो समेतका आधारमा उत्कृष्ट तीन जनाको नाम कायम मुकायमका लागि सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका तीन जना नगर प्रहरी उपरीक्षक मध्येबाट कार्यपालिकाले एक जनालाई नगर प्रहरी वरिष्ठ उपरीक्षकको पदमा कायम मुकायम मुकरर गर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले कायम मुकायम मुकरर गरी नगर प्रहरी वरिष्ठ उपरीक्षकमा नियुक्ती दिई दर्ज्यानी चिह्न समेत प्रदान गर्नेछ ।

(६) महानगर प्रहरी बलअन्तर्गतका अन्य अधिकृत तहको कुनै पद रिक्त भई तत्काल पदपूर्ति हुने सम्भावना नभएमा कार्यपालिकाले त्यस्तो रिक्त दरबन्दीमा एक तह मुनीका वरिष्ठतम नगर प्रहरी अधिकृत मध्येबाट कायम मुकायम मुकरर गरी जिम्मेवारी तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्न सक्नेछ ।

(७) यस दफाबमोजिम कायम मुकायम मुकरर भएका महानगर प्रहरी कर्मचारीको बढुवा नभएसम्मका लागि कायम मुकायम कायम रहनेछ ।

४५. **कायम मुकायम भई काम गरेको तलब भत्ता** : कुनै महानगर प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि कायम मुकायम रहेको अवधिसम्म निजले माथिल्लो पदको तलब भत्ता पाउने छ ।

४६. **निमित्त भई काम गर्ने व्यवस्था** : (१) कुनै कारणले महानगर प्रहरी बलको प्रमुखको पद रिक्त भई दफा १६ बमोजिम पदपूर्ति भई नसकेमा वा कायम मुकायम मुकरर भई नसकेको अवस्थामा ज्येष्ठताको आधारमा प्रमुख प्रशासकीय अधिकृतले कुनै प्रहरी उपरीक्षकलाई निमित्त महानगर प्रहरी बल प्रमुखको जिम्मेवारी तोक्नु पर्नेछ ।

(२) महानगर प्रहरी बलको भौगोलिक तथा विषयगत क्षेत्रको प्रमुखको पदमा निमित्त तोक्ने अधिकार महानगर प्रहरी बल प्रमुखलाई हुनेछ ।

(३) उपदफा (१) र (२) वमोजिम निमित्त तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीलाई निमित्त तोकिने छ । तर साधारणतया नगर प्रहरी निरीक्षक पदभन्दा मुनिको पदमा निमित्त तोकिने छैन ।

(४) उपदफा (१) वमोजिम निमित्त भई काम गर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो निमित्त पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

(५) देहायको अवस्थामा कायम मुकायम मुकरर गर्न तथा निमित्त तोक्न सकिने छैन :

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभर,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर ।

## परिच्छेद-९
## तालिम

४७. **तालिमको व्यवस्था** : महानगर प्रहरीलाई कुशल एवम् दक्ष बनाउन महानगरपालिकाले तोकिए वमोजिमको तालिम सञ्चालन गर्नेछ ।

४८. **तालिमको अनिवार्यता** : (१) नगर प्रहरी सेवामा रहेका सबै महानगर प्रहरीलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ। तालिममा सहभागी हुने महानगर प्रहरीले लापरवाही देखाएमा वा व्यावसायिक ज्ञानप्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको खण्डमा सो व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरूलाई पुनः एकपटक तालीमको मौका दिइनेछ। त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा घटुवा गर्न वा सेवाबाट हटाउन सकिनेछ ।

४९. **तालिमको पाठ्यक्रम** : विभिन्न तालिमहरूको पाठ्यक्रम तयार गर्न महानगर प्रहरी बल प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

## परिच्छेद-१०
## पोशाक

५०. **नगर प्रहरी पोशाक** : नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण प्रमुख प्रशासकीय अधिकृतले तोके वमोजिम हुनेछ ।

५१. **पोशाक, सामान तथा उपकरण** : प्रत्येक नगर प्रहरी कर्मचारीलाई तोकेबमोजिमको पोशाक, सामान तथा उपकरण उपलब्ध गराईनेछ ।

**५२.** **<u>मौसम अनुसारको पोशाक</u>** : महानगर प्रहरी कर्मचारीलाई मौसम अनुसार तोकिएको पोशाक उपलब्ध गराईनेछ ।

**५३.** **सेरेमोनियल पोशाक** : प्रत्येक अधिकृत कर्मचारीहरूलाई सेरेमोनियल पोशाक उपलब्ध गराईनेछ ।

## परिच्छेद-११
## <u>विविध</u>

**५४.** **<u>विदा</u>** : नगर प्रहरी सेवामा कार्यरत महानगर प्रहरीले पाउने विदा सम्बन्धी व्यवस्था महानगरपालिकाका कर्मचारी सेवा ऐन, २०७७ बमोजिम हुनेछ ।

**५५.** **<u>अवकाश, उपदान र निवृत्तिभरण</u>** : नगर प्रहरी सेवाका महानगर प्रहरीको अवकाश, उपदान र निवृत्तिभरणसम्बन्धी व्यवस्था महानगरपालिकाको कर्मचारी सेवासम्बन्धी कानुनले तोकेबमोजिम हुनेछ ।

**५६.** **<u>विभागीय आदेश र निर्देशन</u>** : ऐनको परिधिभित्र रही देहायका विषयमा महानगर प्रहरी बल प्रमुखले आवश्यक आदेश तथा निर्देशन जारी गर्न सक्नेछ । यसरी जारी गरेको महत्वपूर्ण आदेश र निर्देशनको जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई पठाउनु पर्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय,

(ख) मातहतको महानगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय,

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय,

(घ) प्रचलित कानुनमा उल्लेख भएका कुराहरू स्पष्ट तथा विस्तृत गर्ने विषय,

(ङ) विभागीय अनुशासनसम्बन्धी व्यवस्था ।

**५७. <u>परामर्श कक्ष सञ्चालन गर्ने</u>** : (१) महानगर प्रहरीले आफुले सम्पादन गर्ने काम कारबाही सम्बन्धमा सरोकारवाला व्यक्ति, संघसंस्था वा सम्बद्ध पक्षलाई तत् विषयमा सूचित गर्ने, जानकारी दिने, सहभागी गराउने, सकारात्मक सोच विकास गराउने आदि कार्यको लागि महानगर प्रहरी बल मातहत परामर्श कक्ष सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परामर्श कक्षमा विभिन्न विषयका विज्ञहरूबाट परामर्श दिइनेछ ।

**५८. <u>पुरस्कार</u> :** कुनै महानगर प्रहरीले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय, जोखिमपूर्ण काम गरेमा त्यस्तो महानगर प्रहरीलाई महानगर प्रहरी बल प्रमुखले पुरस्कार स्वरूप देहायवमोजिमको ग्रेड, पदक वा एकमुष्ट रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछः

क) महानगरपालिकाका प्रमुखले दुई ग्रेडसम्म थप

ख) प्रमुख प्रशासकीय अधिकृतले एक ग्रेडसम्म थप

**५९. <u>प्रोत्साहन तथा जोखिम भत्ता</u>** : महानगर प्रहरीलाई अतिरिक्त समय कार्य गराउनु परेमा महानगर प्रहरी बल प्रमुखको सिफारिसमा नगर कार्यपालिकाको निर्णय वमोजिम प्रोत्साहन तथा जोखिम भत्ता उपलब्ध गराउन सक्नेछ ।

**६०. <u>पेसागत संघ सगठनको सदस्यता लिन नमिल्ने</u>** : महानगर प्रहरीले महानगरपालिकामा रहेका कुनै पनि पेसागत सगठनको सदस्यता लिन, सभा सगठनमा भाग लिन प्रतिवन्ध गरिएको छ। यस व्यवस्थाको उल्लघंन गरेको पाइएमा विभागीय कारबाही हुनेछ ।

**६१. <u>महानगर प्रहरीको उमेर हदसम्बन्धी व्यवस्था</u>** : (१) नगर प्रहरी सेवामा हाल कार्यरत महानगर प्रहरीको उमेर हद महानगरपालिका कर्मचारी सेवासम्बन्धी ऐन, २०७७ बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन जारी भएपश्चात महानगरपालिकाको नगर प्रहरी सेवामा प्रवेश गर्ने महानगर प्रहरीको उमेरसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) महानगर प्रहरी बरिष्ठ उपरीक्षक ५५ वर्ष

(ख) महानगर प्रहरी उपरीक्षक ५४ वर्ष

(ग) महानगर प्रहरी नायव उपरीक्षक ५३ वर्ष

(घ) महानगर प्रहरी निरीक्षक ५२ वर्ष

(ङ) महानगर प्रहरी नायव निरीक्षक ५१ वर्ष

(च) महानगर प्रहरी सहायक निरीक्षक ५० वर्ष

(छ) महानगर प्रहरी हवल्दार ४८ वर्ष

(ज) महानगर प्रहरी जवान ४८ वर्ष

(झ) महानगर प्रहरी कार्यालय सहयोगी ५५ वर्ष

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि महानगर प्रहरी वरिष्ठ उपरीक्षकले आफ्नो पदमा ३ वर्षको सेवा अवधि भुक्तान गरेपछि सेवा अवधि हदको आधारमा अनिवार्य अवकास पाउनेछ ।

६२. **न्यायिक समितिको क्षेत्राधिकार हुने** : महानगर प्रहरी बलले सम्पादन गर्ने काम कारबाही सम्बन्धमा सरोकारवालाले कुनै गुनासो, उजुरी वा न्यायिक निवेदन पेस गर्न चाहेमा महानगरपालिकाअन्तर्गतको न्यायिक समितिमा पेस गर्न सक्नेछ ।

६३. **सुरक्षा निकायसँग सहकार्य** : महानगर प्रहरी बलले सहरी सुव्यवस्था कायम गर्न, शान्ति सुरक्षा कायम गर्न तथा महानगरवासीको अमनचयन स्थापित गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह सम्बद्ध सुरक्षा निकायहरूसँग आवश्यक समन्वय, सहयोग र सहकार्य गर्नेछ ।

६४. **<u>अन्य व्यवस्था</u>** : महानगरपालिकाले यस ऐनमा उल्लेख नभएका महानगर प्रहरीको सेवा संवद्ध कुनै विषयमा निर्णय गर्नु परेमा सेवाको प्रकृति नेपाल प्रहरीसँग मिल्दोजुल्दो भएको कारण नेपाल प्रहरी सम्बद्ध कानुनलाई आधार मानी निर्णय गर्नेछ ।

६५. **खारेजी** : काठमाडौं महानगरपालिका नगर प्रहरीसम्बन्धी विनियमावली, २०७२ खारेज गरिएको छ ।

**अनुसूची-१**

**(दफा ६ (३) सँग सम्बन्धित)**

**महानगर प्रहरी बलमा देहायका पद, तह र दर्ज्यानी चिह्न रहनेछन्:**

| पद | तह | दर्ज्यानी चिह्न |
|---|---|---|
| नगर प्रहरी वरिष्ठ उपरीक्षक | अधिकृत स्तर नवौं |  |
| नगर प्रहरी उपरीक्षक | अधिकृत स्तर आठौं |  |
| नगर प्रहरी नायव उपरीक्षक | अधिकृत स्तर सातौं |  |
| नगर प्रहरी निरीक्षक | अधिकृत स्तर छैठौं |  |
| नगर प्रहरी वरिष्ठ नायव निरीक्षक | सहायक स्तर पाँचौ |  |
| नगर प्रहरी नायव निरीक्षक | सहायक स्तर पाँचौ |  |
| नगर प्रहरी सहायक निरीक्षक | सहायक स्तर चौथो |  |
| नगर प्रहरी वरिष्ठ हवल्दार | सहायक स्तर तेस्रो |  |

| | | |
|---|---|---|
| नगर प्रहरी हवल्दार | सहायक स्तर तेस्रो |  |
| नगर प्रहरी सहायक हवल्दार | सहायक स्तर तेस्रो |  |
| नगर प्रहरी जवान | सहायक स्तर दोस्रो |  |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम काठमाडौँ महानगरपालिका नगर सभाको तेहौं अधिवेशनबाट स्वीकृत महानगर प्रहरी विधेयक, २०८० प्रमाणीकरण गरिएको छ ।

प्रमाणीकरण मिति : २०८०/०४/११

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**